# बालबालिकाको परिभाषा

## १. परिचय

नेपालको संवैधानिक इतिहासमा बालबालिका सम्बन्धी हकलाई मौलिक हकको रूपमा पहिलो पटक नेपालको अन्तरिम संविधान, २०६३ ले सुनिश्चित गरेको हो । यसैलाई निरन्तरता दिँदै अन्य थप अधिकार सहित बालबालिकाको हकलाई नेपालको संविधान, २०७२ को धारा ३९ ले पनि सुनिश्चित गरेको छ । तथापि, नेपालको संविधाानले बालबालिका भन्नाले कति उमेर समूहसम्मलाई लिने भन्ने सम्बन्धमा केही बोलेको छैन ।

नेपालको वर्तमान कानुनी ब्यवस्थालाई हेर्दा पनि बालबालिकाको निश्चित परिभाषा गरिएको पाइँदैन । विभिन्न कानुनले बालबालिकाको परिभाषा भिन्न भिन्न रूपमा गरेको देखिन्छ । यसलाई दुई किसिमले विभाजन गरेर हेर्न सकिन्छ :

**बालबालिका सम्बन्धी सामान्य परिभाषा**

सामान्यतया कति उमेर समूहसम्मका ब्यक्तिलाई बालबालिका मान्ने भन्ने विषयलाई निर्धारण गर्न गरिएको परिभाषालाई सामान्य परिभाषा अन्तर्गत राख्न सकिन्छ । बालबालिका सम्बन्धी सामान्य परिभाषा बालबालिका सम्बन्धी ऐन, २०४८ ले गरेको पाइन्छ । उक्त ऐनले बालबालिका भन्नाले १६ वर्षमुनिका ब्यक्तिलाई सम्झनुपर्छ भनी ब्यवस्था गरेको छ ।

**बालबालिका सम्बन्धी विशेष परिभाषा**

कामको प्रकृति र दायित्वका आधारमा बालबालिकाको उमेर किटान गरिएको पाइन्छ । कति उमेर समूहका बालबालिकालाई श्रममा लगाउन पाउने, कति उमेरका बालबालिकाले अपराधिक दायित्व वहन गर्नुपर्ने आदि विषयहरूलाई ब्यवस्थित गर्न बालबालिकाको शारीरिक विकास तथा मानसिक परिपक्वताका आधारमा विशेष परिभाषालाई ब्यवस्थित गरिएको हुन्छ । उदाहरणका लागि विभिन्न ऐनहरूमा उमेरमा आधारित ब्यवस्थाहरू कायम गर्नका निमित्त कामको प्रकृति र दायित्वका आधारमा बालबालिकाको उमेर किटान गरिएको पाइन्छ । यसका केही उदाहरण निम्न बमोजिम छन् :

- बालबालिका सम्बन्धी ऐन,२०४८ को परिच्छेद २ को दफा ११ ले बालबालिकाको अपराधिक दायित्वको सम्बन्धमा ब्यवस्था गरेको छ । उक्त ब्यवस्था अनुसार कानुन बमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दस वर्षमुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय नहुने ब्यवस्था गरेको छ । १० वर्षभन्दा माथिका बालबालिकालाई अपराधिक दायित्व सृजना गरेको छ ।

- बाल श्रम ऐन, २०५६ ले १४ वर्षभन्दा माथिका बालबालिकालाई निश्चित संरक्षणको उपाय सहित श्रममा लगाउन पाउने ब्यवस्था गरेको छ ।

- नेपाल नागरिकता सम्बन्धी ऐन, २०६३ ले नागरिकताको प्रमाणपत्र लिने उमेरको ब्यवस्था १६ वर्ष निर्धारण गरेको छ ।

- मुलुकी ऐन, २०२० को विवाहवारीको महलले संरक्षकको मञ्जुरी भएमा विवाह गर्ने उमेर १८ र संरक्षकको मञ्जुरी नभएमा विवाह गर्ने उमेर २० तोकेको छ ।

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले बालबालिका भन्नाले १८ वर्ष उमेरमुनिका ब्यक्तिलाई सम्झनुपर्ने भनी उल्लेख गरेको छ ।

## २. नेपालमा बालबालिकाको उमेरसँग सम्बन्धित केही सवाल

माथिको विश्लेषणले के देखाउँदछ भने नेपालमा बालबालिका सम्बन्धी सामान्य परिभाषा गर्दा त्यसमा एकरूपता देखिँदैन। सामान्यतया बालबालिका भन्नाले १६ वर्षभन्दा मुनिका बालबालिकालाई मान्ने कि १८ वर्षभन्दा मुनिकालाई मान्ने भन्ने सम्बन्धमा कानुनको सामान्य परिभाषामा स्पष्टता र एकरूपता नहुँदा व्यवहारमा बालबालिकाको अधिकारको संरक्षण, सर्म्बद्धन र परिपूर्तिका निमित्त कानुन, नीति तथा विकास योजनाहरू बनाउँदा जटिलता र अस्पष्टता हुने गरेको पाइएको छ ।

अर्को महत्वपूर्ण सवाल कुन उमेर समूहसम्मका बालबालिकालाई संरक्षणको आवश्यकता पर्ने भन्ने विषय निर्धारण गर्दा पनि जटिलताहरू उत्पन्न हुने गरेको पाइएको छ । यसले गर्दा बालबालिकाहरू विशेषगरी नेपालको सन्दर्भमा १६ देखि १८ वर्ष उमेर समूहका व्यक्तिहरू बालअधिकार महासन्धिद्वारा व्यवस्थित अधिकारहरू अभ्यास गर्नबाट बन्चित भएको देखिन्छ । खासगरी बालन्यायको कार्यान्वयनको सन्दर्भमा १६ देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरू यो सुविधाबाट बन्चित छन् । परिणामस्वरूप उनीहरूप्रति मुद्दा हेर्ने निकायले गर्ने व्यवहार, अपनाउने कार्यविधि र उनीहरूलाई दिइने सजाय वयस्कलाई दिने प्रकृतिको हुने गरेको पाइन्छ । यसले गर्दा बाल न्याय प्रणालीको औचित्यमाथि नै प्रश्नचिन्ह उत्पन्न हुने देखिन्छ ।

बाल न्यायको सन्दर्भमा उमेरको हद बढाउने सम्बन्धमा सरकारी निकायहरू प्रायः अनिच्छुक हुने गरेको देखिन्छ । यसका दुइटा कारणहरू बारम्बार अघि सार्ने गरेको पाइन्छ : पहिलो, सरकारले उमेरको समूह बढाउँदा आवश्यक सेवा सुविधा जस्तैः बाल सुधार गृहको व्यवस्था लगायत अन्य मापदण्डहरू श्रोत र साधनको अभावका कारण उपलब्ध गराउन नसक्ने । दोस्रो, खानपान, प्रविधिको पहुँच आदि कारणले बालबालिकाको शारीरिक विकास एवं मानसिक परिपक्वता छिटो हुने भएकोले अपराधिक दायित्वको उमेर बढाउँदा समाजलाई नै असर पुग्ने ।

उपर्युक्त तर्कका सन्दर्भमा के भन्न सकिन्छ भने श्रोत र साधनको सीमितता देखाएर नीतिगत व्यवस्थालाई नै नजरअन्दाज गर्ने विषयलाई तार्किक मान्न सकिन्न किनकी यसले उक्त उमेर समूहका बालबालिकाहरूको न्याय र न्यायमा पहुँचको सवाललाई नै संकुचित गर्ने देखिन्छ। दोस्रो तर्कको सन्दर्भमा अहिलेसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा यस विषयलाई पुष्टि गर्ने आधार र तर्कसंगत अध्ययन नभएको अवस्थामा यसलाई यस्तै हो भनी भन्न सक्ने आधार देखिँदैन । अतः बाल अधिकार महासन्धिले प्रस्ताव गरेको १८ वर्षभन्दा मुनिका ब्यक्तिलाई बालबालिकाका रूपमा गरिएको परिभाषालाई मान्नुको विकल्प हालको अवस्थामा देखिँदैन ।

## ३. अन्तर्राष्ट्रिय कानुन र बालबालिकाको सामान्य परिभाषा

अन्तर्राष्ट्रिय रूपमा बालिग र नाबालिगको विभाजन गरिँदा १८ वर्षको उमेरलाई आधार मानिएको छ। बाल अधिकार महासन्धिको पहिलो धाराले प्रस्तुत महासन्धिको प्रयोजनका लागि, बालबालिका भन्नाले बालबालिका सम्बन्धी कानुनले पहिले नै साबालक हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका प्रत्येक मानव जाति सम्झनु पर्छ भनी व्यवस्था गरेको छ। यसको अर्थ, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अनुसार पनि प्रत्येक देशले आफ्नो राष्ट्रिय कानुनद्वारा कति उमेर समूहका ब्यक्तिलाई बालबालिकाको सामान्य परिभाषाभित्र राख्ने भनी उमेर निर्धारण गर्न सक्ने ब्यवस्थालाई खुला राखेको छ ।

## ४. अन्तर्राष्ट्रिय कानुन र बालबालिकाको विशेष परिभाषा

१८ वर्षमुनिका व्यक्तिहरू बालबालिका हुन् भन्ने परिभाषा सामान्य परिभाषा हो । यसले १८ वर्षमुनिका व्यक्तिहरूलाई संरक्षणको आवश्यकता छ भन्ने मान्यतालाई स्थापित गर्दछ । अठार वर्षभन्दा मुनिका सबै व्यक्तिलाई बालबालिका भनी परिभाषा गर्नुको अर्थ उमेरमा आधारित अन्य कानुनी भिन्नता हुनुहुँदैन वा हुँदैन भन्ने होइन । अर्थात् १८ वर्षभन्दा मुनिका व्यक्तिलाई बालबालिका भनी परिभाषा गरे तापनि विषय, परिस्थिति र विशेष संरक्षणको आवश्यकतालाई मध्यनजर गर्दै भिन्न भिन्न उमेर निर्धारण गर्न सकिन्छ । यसको अर्थ के हो भने १८ वर्षभन्दा मुनिका बालबालिकाको संरक्षणको अधिकार र अन्य अधिकारहरू सुनिश्चित हुनुपर्छ ।

शारीरिक विकास र मानसिक परिपक्वताका आधारमा विशेष संरक्षणको आवश्यकतालाई सम्बोधन गर्न भिन्न भिन्न उमेर निर्धारण गर्न सकिन्छ । साथै, उमेरको परिपक्वताका आधारमा निश्चित दायित्व र कर्तब्यहरू पनि निर्वाह गर्नुपर्छ भन्ने मान्यतालाई यसले आत्मसात गरेको छ । उदाहरणका लागि कति उमेरका बालबालिकालाई श्रममा लगाउन पूर्ण रूपमा प्रतिबन्ध लगाउने, कति उमेर समूहकालाई विशेष संरक्षण सहित श्रममा लगाउने, कुन श्रम क्षेत्र (जस्तो जोखिमपूर्ण काममा) मा १८ वर्षमुनिका बालबालिकालाई प्रतिबन्ध लगाउने, कुन उमेर समूहका बालबालिकाले गरेको अपराध तथा गैरकानुनी कार्यमा दायित्वधिन बनाउन कति र कस्तो प्रकृतिको सजाय गर्ने, अपराधिक दायित्व कति उमेरदेखि वहन गर्न लगाउने, बालमैत्री न्यायिक कार्यविधिको तय जस्ता विषयहरू निर्धारण गर्दा भिन्न भिन्न उमेरको ब्यवस्था गर्न सकिन्छ । नेपाल लगायत विश्वका कतिपय देशहरूमा १८ वर्षभन्दा मुनिका बालबालिकाहरूमा फौजदारी दायित्व तथा बाल श्रम सम्बन्धी कानुनहरू प्रायः उमेरको हदबन्दी अनुसार लागू हुन्छन् । यसले भिन्न उमेरका बालबालिकाहरूको भिन्न परिपक्वताको तह र निर्णय लिन सक्ने क्षमतालाई आत्मसात गरेको पाइन्छ । प्रारम्भिक बालविकासको निमित्त ५ वर्षभन्दा कम उमेरको बालबालिका, जोखिमपूर्ण श्रममा १८ वर्षभन्दा मुनिका बालबालिकालाई लगाउन नपाउने जस्ता ब्यवस्थाहरू अन्तर्राष्ट्रिय कानुन तथा अभ्यासमा पाइन्छ । त्यसैगरी, १४ वर्षभन्दा माथि १६ वर्षभन्दा मुनिका बालबालिकालाई विशेष संरक्षणको प्रबन्ध सुनिश्चित गरेर मात्र श्रममा लगाउन पाउने ब्यवस्था नेपालमा गरेको पाइन्छ । यी केही उदाहरण मात्र हुन् ।

## ५. १८ वर्षभन्दा मुनिका ब्यक्तिलाई किन बालबालिका भनी परिभाषित गर्न आवश्यक छ ?

यो वर्गीकरण मानव जातिको जैविक विकासमा गरिएको वैज्ञानिक अनुसन्धानमा आधारित छ । यसलाई बाल अधिकार सम्बन्धी महासन्धिले पनि आत्मसात गरेको छ । सामान्यतया १८ वर्षभन्दा मुनिका ब्यक्तिहरूलाई उनीहरू जन्मनुअघिदेखि जन्मिसकेपछि उनीहरूको शारीरिक विकास र मानसिक परिपक्वताको आधारमा समुचित कानुनी संरक्षण र स्याहारको आवश्यकता परिपूर्ति गर्न आवश्यक छ भन्ने मान्यतामा आधारित छ । १८ वर्षमुनिका ब्यक्तिहरूलाई उनीहरूको उमेरको परिपक्वताको अवस्थालाई ध्यानमा राख्दै परिवारमा, न्यायिक प्रक्रियामा, दण्ड प्रणाली लगायत विभिन्न क्षेत्रमा उनीहरूको संरक्षण र सर्वोत्तम हितलाई प्रत्याभूति गर्न आवश्यक छ । यस किसिमको वर्गीकरणले राज्यका विभिन्न निकायहरू, समुदाय तथा परिवारहरूलाई उनीहरूको सर्वोत्तम हित संरक्षणका निमित्त उचित मार्गदर्शन प्रदान गर्दछ ।

क) अन्तर्राष्ट्रिय प्रतिबर्द्वता अनुरूप सामान्य परिभाषामा एकरूपता : बालबालिका सम्बन्धी विशेष ऐनले बालबालिकाको परिभाषा गर्दा १६ वर्षभन्दा मुनिका ब्यक्तिलाई बालबालिका सम्झनुपर्ने भनी परिभाषा गरेको

छ । सामान्यतया प्रत्येक देशले आफ्नो देशको अवस्थालाई हेरेर राष्ट्रिय कानुनले बालबालिकाको परिभाषा गर्न सक्ने ब्यवस्था बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले गरेको छ । अर्को महत्वपूर्ण विषय के हो भने यसो गर्दा १६ वर्ष देखि १८ वर्ष उमेर समूहका ब्यक्तिहरू जो अन्तर्राष्ट्रिय कानुन अनुसार बालबालिका हुन्, उनीहरूको शारीरिक विकास र मानसिक परिपक्वताका आधारमा संरक्षण पाउने हकलाई पनि कानुन तथा ब्यवहारमा सुरक्षित गर्न सकिन्छ ।

यसैलाई आधार मानेर संयुक्त राष्ट्रसंघको बालबालिका सम्बन्धी कमिटीले पनि पक्ष राष्ट्रहरूलाई समापन टिप्पणी मार्फत बालबालिकाको परिभाषा गर्दा उमेर को हद बढाउन सुझावहरू दिइरहेको देखिन्छ । यस सन्दर्भमा उक्त कमिटीले नेपाललाई पनि बालबालिकाको सामान्य परिभाषामा उमेरको हद बढाई एकरूपता कायम गर्न सुझाव दिएको छ । यस विषयलाई मध्यनजर गर्दै महासन्धिमा ब्यवस्था गरे अनुरूप बाल अधिकार सम्बन्धी महासन्धिको अनुमोदन गरिसकेको अवस्थामा नेपालको कानुनले पनि १८ वर्षमुनिका ब्यक्तिलाई बालबालिकाको रूपमा परिभाषित गरेमा नेपालले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्वता अनुरूप हुनेछ ।

ख) नेपालको शिक्षा नीति अनुरूप एकरूपता कायम : नेपालको शिक्षा नीतिले १२ कक्षासम्मको शिक्षालाई माध्यमिक शिक्षाको रूपमा घोषणा गरी त्यसलाई विद्यालय शिक्षा अन्तर्गत राखिसकेको अवस्था छ । यसले गर्दा अब लगभग १८ वर्षभन्दा मुनिका ब्यक्तिहरू विद्यालय शिक्षा पूरा गर्नका निमित्त विद्यालयमा रहने हुन्छन् । अतः विद्यालयमा अधिकांशतः १८ वर्षभन्दा मुनिका बालबालिकाहरू माध्यमिक शिक्षाका निमित्त रहने भएकोले उक्त ब्यवस्थासँग मिलान हुने गरी १८ वर्षभन्दा मुनिका ब्यक्तिलाई बालबालिका भनी परिभाषा गर्न उपयुक्त हुने देखिन्छ । यसबाट बालबालिकाको उक्त परिभाषा अन्तर्गत शिक्षा सम्बन्धी अन्य नीति, योजना, संरक्षणको ब्यवस्था तथा कार्यक्रमहरू निर्धारण गर्न मद्दत पुग्दछ ।

ग) योजना तर्जुमा तथा श्रोतको बाँडफाँड : राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ रहेको छ । यसमध्ये १,१०,८४,३११ अर्थात् ४२ प्रतिशत जनसंख्या अठार वर्षमुनिका बालबालिकाको रहेको छ । राज्यले नीति निर्माण गर्दा, योजना तर्जुमा गर्दा र श्रोतको विनियोजन गर्दा यी सम्पूर्ण बालबालिकाहरू लाभान्वित हुनुपर्नेमा यदि १६ वर्षभन्दा मुनिका ब्यक्तिलाई मात्र बालबालिका मान्ने हो भन्ने ११,८३,५४० बालबालिका राज्यको लगानीबाट बञ्चित हुने देखिन्छ ।

निश्कर्षमा, बालबालिकाको उमेर सम्बन्धी सवाललाई सम्बोधन गर्न बालबालिका सम्बन्धी विधेयकमा बालबालिकाको सामान्य परिभाषा गर्दा बालाबालिका भन्नाले कुनै विशेष उद्देश्यका लागि छुट्टै ब्यवस्था भएकोमा बाहेक १८ वर्षमुनिका ब्यक्तिलाई सम्झनु पर्दछ भन्ने ब्यवस्था गरिनु उपयुक्त हुन्छ ।

बालबालिकाको परिभाषा सम्बन्धी नीतिगत सवालमा तयार गरिएको यो जानकारीपत्र विधायक, नीति निर्माता, नागरिक समाज तथा पैरबीकर्ताहरूका लागि बाल अधिकारकर्मीहरू तथा सञ्जालहरूको सामुहिक परामर्शवाट तयार पारिएको हो ।

यो जानकारीपत्र हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्चद्वारा युनिसेफ, नेपाल कार्यालयको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो ।

थप जानकारीका लागि :

**हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्च**

बुद्धनगर-१०, काठमाडौं

फोन : ९७७-१-४७८३७९१,

email : hidrnepal@gmail.com

www.hidrnepal.com